Knowledge Brief

The 2026 Baseline Report

# GESI Constraints and Capability Gaps in Bhojpur Community Schools

**Prepared by: Yamuna Basnet**

This knowledge brief is based on the findings of the 2026 Baseline Report conducted in Bhojpur, Nepal, and it is an output of the ***"Promoting Gender Equality and Social Inclusion in Schools, Building on What Children Want to Do and Be"*** project. This brief goes beyond a narrow resource-focused assessment and focuses on a broader, more integrated understanding of "child flourishing".



## Project Overview and Objective

The project is implemented by the **Learning, Innovation and Knowledge Exchange (LIKE) Lab** at Kathmandu University School of Arts, and it seeks to address structural constraints affecting equality and inclusion in public schools. The study applies a diagnostic framework grounded in the Capability Approach, placing emphasis on what children themselves consider important.

### Core Objective

To generate evidence on the scalability of GESI-related diagnostic tools, strengthen the capacities of students, teachers, and other stakeholders to expand children's capabilities, and use empirical findings to inform school policies that advance gender equality and social inclusion.

## Methodology

**Study Site:** 13 community schools in Bhojpur Municipality, Koshi Province.

**Participants:** 380 students from grades 1 to 10, consisting of 53% boys and 47% girls.

**Framework:** Child-centered focus group discussions were conducted to identify children's own "valued capabilities", which informed the design of the Gender Equality and Social Inclusion survey instrument, which was then operationalized as the survey tool.

**Evaluative Dimensions:** Children assessed 13 resource-related domains and 16 well-being and agency domains across four evaluative spaces: well-being freedom, well-being achievement, agency freedom, and agency achievement.

KATHMANDU UNIVERSITY | SCHOOL OF ARTS
GPE KIX KNOWLEDGE INNOVATION EXCHANGE
IDRC · CRDI Canada
LEARNING, INNOVATION & KNOWLEDGE EXCHANGE LIKE Lab

## Key Findings

### Resource Assessment

- The analysis identifies a consistent gap between what children consider important and what they actually experience within schools.

- **Importance versus Availability:** In every domain, the importance assigned by children exceeds both availability and satisfaction levels.

- **High-performing domains:** 'Education', 'Physical Health', and 'Social Relations' are highly valued and show comparatively stronger levels of availability.

- **High-priority yet under-realized domains:** 'Mental Well-being', 'Autonomy', and 'Religion and Identity' are strongly valued but show weaker institutional realization, indicating dependence on school culture rather than purely material inputs.

### Infrastructure Gaps

- **Bodily Integrity:** Although separate toilets are commonly available, the quality of facilities within them, along with access to sanitary pads, scores significantly lower.

- **Disability Exclusion:** Disability-friendly infrastructure records the lowest scores for both availability and satisfaction, pointing to persistent structural exclusion.

### Well-being and Agency Gaps

- A central pattern shows that opportunities, understood as 'freedoms', consistently exceed realized outcomes.

- **Low realization domains:** 'Nutritional Well-being', 'Autonomy', 'Mobility', and 'Bodily Integrity' fall toward the lower end of achievement levels.

- **Structural constraints:** The gap indicates that access to resources alone does not translate into improved outcomes, as institutional and social constraints limit children's ability to convert freedoms into achieved states of well-being.

## Disaggregated Findings (GESI Analysis)

- **Gender:** Boys generally report higher scores than girls across most well-being and agency domains. Girls record higher scores only in selected areas such as nutrition and mental well-being.

- **Ethnicity:** Experiences vary across ethnic groups. Dalit children frequently report the lowest scores in 'Aspirations', 'Mobility', and 'Protection from Exploitation'. Janajati students tend to occupy middle ranges, indicating uneven experiences relative to other groups. In this sample, Madhesi children often report comparatively higher scores in domains linked to bodily integrity and autonomy.

- **Grade level:** Primary students in grades 1 to 5 consistently report lower well-being and agency scores than older students. Secondary students in grades 9 and 10 generally show higher well-being achievement in domains such as 'Education' and 'Bodily Integrity', though patterns remain uneven, possibly reflecting academic pressure or institutional expectations at higher grade levels.

## Implications for Action

- **Beyond infrastructure:** Expansion of material inputs alone is insufficient. Institutional practices and school culture must also shift so that children can translate freedoms into realized achievements.

- **Targeted interventions:** Future initiatives should prioritize closing gaps affecting girls, Dalit students, and Janajati children, who encounter the most significant barriers to flourishing.

- **Policy focus:** GESI diagnostic evidence can function as a policy instrument that informs school-level decision making as well as broader structural changes aimed at addressing the specific constraints faced by marginalized groups.



## Disclaimers

The views expressed herein do not necessarily represent those of IDRC or its Board of Governors.

## Acknowledgements

This work was supported by the Global Partnership for Education Knowledge and Innovation Exchange, a joint endeavour with the International Development Research Centre, Canada.

ज्ञान संक्षेप

२०२६ को आधारभूत प्रतिवेदन

# भोजपुरका सामुदायिक विद्यालयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) का अवरोध र क्षमताका अभावहरू

यमुना बस्नेतद्वारा तयार सामग्री

यो ज्ञान संक्षेप सन् २०२६ मा भोजपुर नगरपालिका, नेपालमा "बालबालिकाले के गर्न र बन्न चाहन्छन्" भन्ने विषयमा आधारित ***"विद्यालयमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रवर्द्धनको लागि परियोजना"*** को एक आधारभूत उत्पादन (प्रतिवेदन) को सारांश हो। यस संक्षेपले "स्रोत-आधारित" दृष्टिकोणबाट अघि बढी "बाल समृद्धि/प्रस्फुटन" लाई केन्द्रमा राखेको छ।



## परियोजनाको सारांश र उद्देश्यहरू

काठमाडौं विश्वविद्यालयको **'लाइक ल्याब'** द्वारा कार्यान्वयन गरिएको यस परियोजनाले सामुदायिक विद्यालयहरुमा रहेका समानता र समावेशीकरणका संरचनात्मक अवरोधहरूलाई सम्बोधन गर्ने लक्ष्य राख्दछ। सो कार्यको लागि यो संस्थाले बालबालिका आफैँले के कुरालाई महत्त्व दिन्छन् भन्ने कुरालाई केन्द्रमा राखी 'सक्षमता दृष्टिकोण' मा आधारित एक निदानात्मक उपकरणको प्रयोग गर्दछ।

### मुख्य उद्देश्य

लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी निदानात्मक उपकरणहरूको मापन र योग्यताबारे ज्ञान उत्पादन गर्ने, विद्यार्थी र शिक्षकहरूको क्षमता सुदृढ गर्ने र विद्यालयका नीतिहरू सुधार गर्न प्रमाणहरू संकलन गर्ने।



## विधि

**अध्ययन स्थल:** कोशी प्रदेशको भोजपुर नगरपालिकाका १३ सामुदायिक विद्यालयहरू।

**सहभागीहरू:** कक्षा १ देखि १० सम्मका ३८० विद्यार्थीहरू (५३% छात्र, ४७% छात्रा)।

**ढाँचा:** बाल- केन्द्रित दृष्टिकोणले विद्यार्थीहरूसँग गरिएको सामूहिक छलफलबाट प्राप्त जानकारीका आधारमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सर्वेक्षण उपकरणको विकास गरे पश्चात सर्वेक्षण यन्त्रको रुपमा प्रयोग गरिएको थियो।

**मूल्याङ्कनका आयामहरू:** बालबालिकाहरूले १३ वटा स्रोत-आधारित र १६ वटा कल्याण तथा निर्णय लिने र स्वतन्त्र रूपमा कार्य गर्ने क्षमताका (एजेन्सी) क्षेत्रहरूलाई चारवटा आयामहरूमा वर्गीकरण गरी मूल्याङ्कन गरेका छन्: कल्याणको स्वतन्त्रता, कल्याणको उपलब्धि, एजेन्सीको स्वतन्त्रता र एजेन्सीको उपलब्धि।

KATHMANDU UNIVERSITY | SCHOOL OF ARTS
GPE KIX KNOWLEDGE INNOVATION EXCHANGE
IDRC · CRDI Canada
LEARNING, INNOVATION & KNOWLEDGE EXCHANGE LiKE

## मुख्य निष्कर्षहरू

### स्रोतको उपलब्धता र सन्तुष्टि

- प्रतिवेदनले बालबालिकाको प्राथमिकता र उनीहरूको वास्तविक विद्यालय अनुभवको बीचमा एक क्रमबद्ध "खाडल" रहेको पहिचान गरेको छ।

- **महत्त्व र अनुभव बीचको खाडल:** बालबालिकाले महत्त्वपूर्ण ठानेका सबै क्षेत्रहरूमा वास्तविक उपलब्धता र सन्तुष्टिको तुलनामा 'महत्त्व' लाई दिएका अङ्क उच्च देखियो।

- **राम्रो प्रदर्शन भएका क्षेत्रहरू:** 'शिक्षा', 'शारीरिक स्वास्थ्य' र 'सामाजिक सम्बन्ध' जस्ता क्षेत्रहरूलाई उच्च महत्त्व दिइएको छ र यिनको उपलब्धता पनि तुलनात्मक रूपमा राम्रो देखिएको छ।

- **उच्च प्राथमिकता तर न्यून उपलब्धि भएका क्षेत्रहरू:** 'मानसिक स्वास्थ्य', 'स्वायत्तता' र 'धर्म तथा पहिचान' लाई उच्च महत्त्व दिइएता पनि संस्थागत रूपमा यी क्षेत्रमा उपलब्धि कम देखिन्छ। यी कुराहरू भौतिक सामग्रीहरुमा भन्दा पनि विद्यालयको संस्कृतिमा बढी निर्भर हुन्छन्।

### पूर्वाधारमा रहेका कमिहरू

- **शारीरिक अखण्डता:** छुट्टै शौचालयहरू प्रायः उपलब्ध भए तापनि भित्रका सुविधाहरू र स्यानिटरी प्याडको व्यवस्थामा निकै कम अङ्क प्राप्त भएको छ।

- **अपाङ्गता बहिष्करण:** 'अपाङ्गता-मैत्री पूर्वाधार' ले उपलब्धता र सन्तुष्टि दुवैमा सबैभन्दा कम अङ्क प्राप्त गरेको छ, जसले गम्भीर संरचनात्मक बहिष्करण देखाउँछ।

### कल्याण र एजेन्सी बीचको खाडल

- प्रतिवेदनको एक मुख्य निष्कर्ष के छ भने अवसरहरूको (स्वतन्त्रता) तुलनामा बालबालिकाका आफ्ना उपलब्धिहरू सधैँ पछि पर्ने गरेका छन्।

- **न्यून उपलब्धि:** 'पोषण', 'स्वायत्तता', 'गतिशीलता र शारीरिक अखण्डता' जस्ता क्षेत्रहरू आङ्किक रुपमा उपलब्धिका हिसाबले तल्लो तहमा रहेका छन्।

- **संरचनात्मक अवरोधहरू:** यो खाडलले के सङ्केत गर्छ भने केवल स्रोतहरू उपलब्ध गराउनु मात्र पर्याप्त छैन र संरचनात्मक बाधाहरूले नै बालबालिकालाई उनीहरूको स्वतन्त्रतालाई वास्तविक कल्याणमा परिणत गर्न रोकिरहेको छ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) विश्लेषण

- **लिङ्ग:** स्वतन्त्रता र उपलब्धिका धैरजसो क्षेत्रमा छात्राहरूको तुलनामा छात्रहरूले उच्च अङ्क प्राप्त गरेका छन्। छात्राहरूले 'पोषण' र 'मानसिक स्वास्थ्य' जस्ता केही विशेष क्षेत्रमा मात्र उच्च अङ्क पाएका छन्।

- **जातीयता:** विभिन्न जातीय समूहहरूमा अनुभवहरू असमान थिए। दलित बालबालिकाहरूले आकांक्षा, गतिशिलता र शोषणबाट सुरक्षाका क्षेत्रहरूमा प्रायः सबैभन्दा कम अङ्क प्राप्त गरे। जनजाती विद्यार्थीहरूको अनुभव अन्य समूहको तुलनामा मिश्रित वा मध्यम स्तरको पाइयो भने यस नमूनाका मधेशी बालबालिकाले 'शारीरिक अखण्डता' र 'स्वायत्तता' सँग सम्बन्धित क्षेत्रहरूमा उच्च अङ्क प्राप्त गरेको पाइयो।

- **कक्षा स्तर:** प्राथमिक तहका विद्यार्थीहरू (कक्षा १-५) को कल्याण र एजेन्सीको स्तर ठूला विद्यार्थीहरूको तुलनामा कम छ। माध्यमिक तहका विद्यार्थीहरू (कक्षा ९-१०) मा 'शिक्षा' र 'शारीरिक अखण्डता' जस्ता क्षेत्रहरूमा प्राथमिक तहका विद्यार्थीहरूको तुलनामा उच्च कल्याण उपलब्धि देखिए पनि शैक्षिक दबाब वा संस्थागत अपेक्षाका कारण अनुभवहरू असमान छन्।

## कार्यका लागि सुझावहरू

- **पूर्वाधार भन्दा माथि:** भौतिक स्रोतहरूको विस्तार मात्र गर्नु पर्याप्त छैन, बालबालिकालाई "स्वतन्त्रता" लाई "उपलब्धिमा" बदल्न मद्दत पुर्याउन संस्थागत अभ्यास र विद्यालयको संस्कृतिमा परिवर्तन ल्याउन आवश्यक छ।

- **लक्षित कार्यक्रमहरू:** आगामी कार्यक्रमहरू बाल समृद्धिको क्षेत्रमा सबैभन्दा ठूला अवरोधहरू सामना गरिरहेका छात्रा, दलित विद्यार्थी र जनजाति बालबालिकाहरूको समस्यामा केन्द्रित हुनुपर्छ।

- **नीतिगत केन्द्रविन्दु:** लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि उपलब्ध निदानात्मक तथ्याङ्कलाई नीतिगत औजारको रूपमा प्रयोग गर्दा व्यक्तिगतदेखि विद्यालय स्तरसम्ममा पिछडिएको वर्गहरुको आवश्यकताहरुलाई पुरा गर्न मार्गदर्शकको रूपमा सहायता दिन सक्छ।



## Disclaimers

The views expressed herein do not necessarily represent those of IDRC or its Board of Governors.

## Acknowledgements

This work was supported by the Global Partnership for Education Knowledge and Innovation Exchange, a joint endeavour with the International Development Research Centre, Canada.